# पिट्सबर्ग बिचवुड PRE K-5

# विद्यालयको हातेपुस्तिका

# 2023 – 2024




पिट्सबर्ग बीचवुड PreK-5

810 रकल्याण्ड एभेन्यु

पिट्सबर्ग, पिए 15216

लिसा ग्यालागेर, प्रधानाध्यापक

फोन (412) 529-7390 फ्याक्स (412) 571-7393

**स्वागत छ**

पिट्सबर्ग बिचवुड PreK-5 पिट्सबर्गको बिचभ्यू समुदाय (Pittsburgh's Beechview community) मा अवस्थित एक छिमेकी विद्यालय हो। पिट्सबर्ग बिचवुडको बलियो शैक्षिक पाठ्यक्रमले मापदण्डहरू पूरा गर्न र विशेषगरी साक्षरता, गणित र विज्ञानमा प्रारम्भिक सफलता हासिल गर्नमा जोड दिन्छ। बिचवुड एक क्षेत्रगत दोस्रो भाषाको रूपमा अङ्ग्रेजी साइट हो। हामीले दुई क्षेत्रगत जीवन सीपहरू (Life Skills) का कक्षाहरू पनि आयोजना गर्छौं। हाम्रो निर्देशनात्मक फोकस भनेको "We ROAR (पढ्दा प्रायः परिणामहरू प्राप्त हुन्छ) हो!"

पिट्सबर्ग बिचवुडमा, हाम्रा विद्यार्थीहरू हाम्रो 3Rs विद्यालयव्यापी सकारात्मक व्यवहार योजनामा सहभागी हुन्छन्। प्रत्येक विद्यार्थीले विद्यालयमा हुँदा दिनभरि 3Rs - सम्मानजनक, जिम्मेवार र तयार तथा सुरक्षित व्यवहार योजना पालना गर्ने अपेक्षा गरिन्छ।

वर्षभरि, विभिन्न ग्रेड लेभलमा अध्ययनरत विद्यार्थीहरूले निम्न विभिन्न क्रियाकलापहरूमा सहभागी हुने अवसर पाउँछन्: आर्ट क्लब, पाउण्ड क्लब, ट्र्याक, विद्यालय जानुअघि वा गएर आएपछि ट्युटरिङ, इन्ट्रामुरल्स, चियरलिडिङ,र बाहिरी एजेन्सीहरूमार्फत प्रायोजित अन्य क्रियाकलापहरू।

**विद्यालय समय / तालिका**

पिट्सबर्ग बिचवुडको विद्यालय दिन बिहान 9:10 बजे खुल्छ र दिउँसो 3:55 बजे छुट्टी हुन्छ। बिहान 9:20 बजेपछि आउने कुनै पनि बच्चालाई ढिलो आएको मानिन्छ र उपस्थिति ट्र्याकिङ प्रणालीमा ढिलो आएको भनेर चिन्ह लगाइन्छ।

पिट्सबर्ग बिचवुडले 6 दिन फरक-फरक समयतालिकामा कक्षा सञ्चालन गर्छ। सम्बन्धित कलाहरू (शारीरिक शिक्षा, कला, सङ्गीत, पुस्तकालय, STEAM, विज्ञान) पूरै 6 दिन उपलब्ध गराइन्छ। प्रत्येक होमरूमले वर्षको सुरुवातमा तपाईंको बच्चाले कुन दिन कुन विषय पढ्नुहुन्छ भन्ने कुरा तपाईंलाई थाहा दिन सुनिश्चित गर्नका लागि घरमा समयतालिका पठाउने छ। तपाईंको बच्चाले शारीरिक शिक्षा पढ्ने दिनहरूमा, हामी उनीहरूलाई जिममा लगाउने जुत्ताहरू लगाउन आग्रह गर्छौं।

**विद्यालय आउने समय**

बिहानको खाजा खाने बालबालिकालाई बिहान 8:50 बजे भवनमा प्रवेश गर्न दिइनेछ। बिहानको खाजा नखाने सबै बालबालिका बिहान 9:10 बजे भवनमा प्रवेश गर्ने छन्। ग्रेड 2, 3, र 5 का विद्यार्थीहरू लाइनमा उभिने छन् र कार्यालयबाट मुख्य ढोकासम्म लगिने छ। ग्रेड K, 1 र 4 का विद्यार्थीहरू लाइनमा उभिने छन् र पार्किङ स्थलबाट मुख्य ढोकासम्म लगिने छ।

तपाईं आफ्नो बच्चालाई विद्यालयसम्म छोड्दै हुनुहुन्छ भने, रकल्याण्ड एभिन्यूको अन्त्यमा रहेको टर्न-अराउन्डमा छोड्नुहोला। विद्यार्थीहरूलाई सडकमा छोड्नुहुँदैन। यसले सुरक्षामा खतरा निम्त्याउँछ। विद्यालयको अगाडिको क्षेत्र बस र भ्यानहरूका लागि आरक्षित गरिएको छ। छोडिएका बालबालिकाहरू तोकिएको आगमन ढोकासम्म हिँडेर जाने छन् वा उनीहरू बिहानको खाजा खान प्रवेश गर्न सक्छन्। कर्मचारी सदस्यहरूले बिहान 8:50 बजे विद्यार्थी आइपुग्दा सहायता गर्न बाहिर उपस्थित हुनु हुने छ।

## छुट्टी हुने समय

सर्कल/कार लाइनमा जानेहरूको छुट्टी हुने समय: सवारी आवागमनलाई सहज बनाउन सवारी साधनमा चढ्ने बालबालिकाहरूका लागि दुई वटा पिकअप स्पट हुने छन्। ग्रेड K-2 का विद्यार्थीहरूलाई रकल्याण्ड एभिन्यूको टर्न-अराउन्डबाट पिकअप गरिने छ। ग्रेड 3-5 का विद्यार्थीहरूलाई एन्डिक वेको माथिबाट पिकअप गरिने छ। परिवारमा दुव पिक-अप स्पटमा भएका बालबालिका छन् भने रकल्याण्ड एभिन्यू पूर्वनिर्धारित स्पट हुन्छ। विद्यालय वर्षको सुरुवातमा पिकअपका लागि साइन अप गर्न K, 1 र 2 का बालबालिकासँग अनुमति पत्रहरू घर पठाइने छ।

दिउँसो 3:45 बजे कार लाइनमा जाने सबै बालबालिका (K-5) लाई प्रत्येक तलामा कर्मचारी सदस्यसँग भेट्न घोषणा गरिने छ। विद्यार्थीहरूलाई केही समयपछि कार लाइन क्षेत्रमा लगिने छ।

कृपया टर्न-अराउन्डमा तपाईंको कार त्यत्तिकै नछोड्नुहोस्। ट्राफिक प्रवाह सधैँ हुन आवश्यक छ। कार लोड भएपछि कारहरू लाइनमा पर्खन र सार्न सक्षम हुनु आवश्यक छ। साथै, कृपया टर्न-अराउन्ड अगाडिको क्षेत्र अवरूद्ध नगर्नुहोस्। सवारी साधनहरू पहेँलो लाइनमा वा कोनहरूको छेउमा पार्क गर्नुहुँदैन।

नियमित छुट्टी हुने समय: 3:55 बजेको घण्टीमा, हिँडेर जाने विद्यार्थीहरूको छुट्टी हुने छ। किन्डरगार्टन, कोठा 12 का विद्यार्थीहरू आफ्नो कोर्टयार्डको ढोकाबाट निस्कने छन्, किन्डरगार्टन, कोठा 15 का विद्यार्थीहरू कोठा 13 (पार्किङ स्थलको सबैभन्दा नजिकको मुख्य ढोकाबाट) बाट निस्कने छन्। पहिलो

ग्रेड, चौथो ग्रेड (कोठा 206 र 207) र तेस्रो ग्रेड, (कोठा 210) का विद्यार्थीहरू पार्किङ स्थलबाट निस्किएर अगाडिका ढोकाहरूबाट निस्कने छन्। दोस्रो ग्रेड, तेस्रो ग्रेड (कोठा 204), चौथो ग्रेड (कोठा 201) र पाँचौँ ग्रेडका विद्यार्थीहरू अगाडिको मुख्य ढोकाबाट निस्कने छन्। साना विद्यार्थीहरूलाई लैजाने सबै सहोदरहरू बाहिर तोकिएको ठाउँमा उपस्थित हुनुपर्छ। भित्र गएर ल्याउने अनुमति छैन।

चाँडो छुट्टी हुने दिनः तपाईंको बच्चालाई चाँडै लैजानु परेमा, चाँडै लैजानु पर्ने दिनमा एउटा नोट लेखेर कार्यालयमा बुझाउनु पर्ने हुन्छ। यद्यपि, 3:15 बजेपछि चाँडो निस्कन पाइने छैन। सबै विद्यार्थीहरू सुरक्षित तरिकाले निस्कने प्रक्रिया सुनिश्चित गर्न कार्यालय दिउँसो 3:15 बजेदेखि 3:55 बजेसम्म बन्द रहने छ।

**खाजा खाने समय / विश्राम समय**

प्राइमरी ग्रेडहरू (K - 2) का विद्यार्थीहरूले दिउँसो 12:00 बजेदेखि 12:45 सम्म दिउँसोको खाजा खाने र विश्राम लिने गर्ने छन्। दिउँसो खाजा खाने समय लगभग 20 मिनेट र विश्राम समय 20 मिनेटका साथै स्विच समय 5 मिनेट हुनेछ।

मध्यवर्ती ग्रेड (3-5) ले दिउँसोको 12:50 बजेदेखि 1:35 बजे सम्म खाना खानेछन् र विश्राम लिनेछन् साथै स्विच समय 5 मिनेट हुनेछ।

सबै विद्यार्थीहरूले निःशुल्क खाजा पाउँछन् वा आफ्नो लागि खाजा प्याक गर्ने विकल्प हुन्छ। तपाईंको बच्चालाई कुनै आहारको आवश्यकता छ भने, तपाईंले यसका बारेमा वर्षको सुरुवातमा घर पठाइने आपतकालीन हेरचाह फाराममा व्यक्त गर्न सक्नु हुनेछ। कुनै पनि समयमा हाम्रो स्कूल नर्सलाई सम्पर्क गर्न पनि सक्नुहुन्छ। त्यसपछि, उहाँले त्यो जानकारी हाम्रो क्याफेटेरिया प्रबन्धकलाई पठाउनुहुन्छ।

**सञ्चार**

Talking Points यस वर्ष परिवारहरूसँग कुराकानी गर्ने हाम्रो औपचारिक माध्यम हुनेछ। Talking Points शिक्षक र परिवारहरूलाई पाठ सन्देशमार्फत जडान रहन मद्दत गर्ने दुई-तर्फी बहुभाषी पारिवारिक संलग्नता प्लेटफर्म हो। Talking points ले एपमा राम्रो काम गर्छ तर एस एम एसहरूको रूपमा प्रयोग गर्न सकिन्छ।

पिट्सबर्ग बिचवुडले परिवारहरूलाई महत्त्वपूर्ण सन्देशहरू प्राप्त गर्न रोबोकलहरू, फ्लायरहरू र फेसबुक पनि प्रयोग गर्न सक्छ।

**प्रविधि**

स्कूल डिस्ट्रिक्टका सबै विद्यार्थीहरूले एउटा उपकरण (ल्यापटप वा आईप्याड) पाउँछन्। यो उपकरण वितरण गर्नुअघि एउटा स्वीकार्य प्रयोगकर्ता नीति फाराम भर्नुपर्छ।

हामी डिस्ट्रिक्टका सबै प्रविधिहरू प्रयोग गरेर हाम्रा पिट्सबर्ग पब्लिक स्कूल्स (PPS) का विद्यार्थीहरूलाई सुरक्षित, स्थिर, सान्दर्भिक र उत्पादनशील प्राविधिक अनुभव प्रस्ताव गर्न पाउँदा खुसी छौँ। हाम्रा विद्यालयहरूको पूर्ण पोर्टफोलियोको बिचमा प्रत्येक अध्ययन समुदायका लागि अद्वितीय हुने प्राविधिक क्षमताहरूको भरिपूर्ण सेट प्रदान गर्ने लक्ष्य राख्छ। यी क्षमताहरूमा 1 जनालाई 1 वटा ल्यापटप, ट्याब्लेट वा BYOT (तपाईंको आफ्नै प्रविधि ल्याउनुहोस्) वातावरणहरू, कक्षाकोठाका ल्यापटप, डेस्कटप वा ट्याबलेटहरूको प्रयोग र उत्पादकता र परीक्षणका उद्देश्यहरूका लागि प्रयोगशालाहरूको प्रयोग समावेश छन् तर यतिमा सीमित छैनन्। प्रविधिहरूमा तारयुक्त तथा तारविहिन इन्टरनेट र डिस्ट्रिक्टका प्रिन्टर, स्क्यानर र अन्य सम्बन्धित पेरिफेरलहरूमा पहुँच पनि समावेश छ। विद्यार्थी र उहाँहरूका परिवारहरूले डिस्ट्रिक्टका सबै प्रविधिहरूको उपयुक्त स्याहार र प्रयोगका लागि स्थापित गरिएका मार्गनिर्देशनहरू पालना गर्नुपर्छ। PPS उपकरणको दुरूपयोग भएमा स्कूलको निर्णयमा यो विशेषाधिकार फिर्ता लिइन सकिन्छ। जानाजानी वा हेलचक्र्याइ गरी उपकरणमा क्षति भएमा वा हराएमा विद्यार्थी र उनीहरूको परिवारको जिम्मेवारी हुनेछ, र केस-दर-केस हेरी डिस्ट्रिक्ट र परिवारको आपसी सहमतिमा मात्र आर्थिक जरिवाना लाग्नेछ। अनुपयुक्त प्रयोग गरिएमा डिस्ट्रिक्टको उपकरणको प्रयोग गर्ने अनुमति रद्द हुन सक्छ जसले शैक्षिक प्रतिघातहरू निम्ताउन सक्छ। समकालीन अध्ययन वातावरणका लाभहरूमा अध्ययनकर्ता साथसाथै अध्ययनकर्ताको परिवार र विद्यालय समुदायका लागि व्यापक दायराका लाभहरू हुने भएकोले हामीले प्रत्येक विद्यार्थी र परिवारलाई डिस्ट्रिक्टको उपकरणलाई गम्भीरतापूर्वक प्रयोग गर्न अनुरोध गर्छौं।

PPS मा प्रत्येक विद्यार्थीसँग डिस्ट्रिक्टको कम्प्युटर नेटवर्कका संसाधनहरू, इलेक्ट्रोनिक मेल र इन्टरनेटमा पहुँच हुने छ। यी संसाधनहरू प्रयोग गर्नका लागि, सबै विद्यार्थीहरूले PPS को स्वीकार्य प्रयोग नीति स्वीकार गर्नका लागि यो फाराममा हस्ताक्षर गरेर फिर्ता गर्नुपर्छ। आमाबुवाहरू, कृपया यो कागजात ध्यानपूर्वक पढ्नुहोस् र पूरा गर्नुहोस्, आफ्नो छोरा/छोरीसँग बसेर यसका सामग्रीहरू समीक्षा गर्नुहोस् र उपयुक्त हुँदा यसमा हस्ताक्षर गर्नुहोस्। यो अनुमति फाराम वा कम्प्युटर नेटवर्कको कुनै पनि पक्षका बारेमा कुनै पनि प्रश्न वा सरोकारलाई तपाईंको विद्यालयक प्रशासनमा सन्दर्भ गरिनुपर्छ।

**सेल फोनसम्बन्धी नीति**

विद्यार्थीहरूले आफूसँग आ-आफ्नो सेल फोन राख्न र अभिभावकहरूसँग सम्पर्क गर्नका लागि विद्यालय दिन सुरु हुनुअघि र छुट्टी भएपछि ती सेल फोन प्रयोग गर्न आवश्यक हुन सक्छ। यद्यपि, विद्यालय परिसरमा प्रवेश गरेपछि र दिनभरि विद्यार्थीहरूलाई सेल फोनहरू प्रयोग गर्न अनुमति छैन। विद्यार्थीहरूले सेल फोन प्रयोग गर्न चाहेमा, होमरूम शिक्षकले ती सेल फोन बिहान सङ्कलन गर्न र छुट्टी भएपछि वितरण गर्न सक्नुहुन्छ। सेल फोनहरू प्रयोग गरेको खण्डमा लिइने छ र आमाबुवा/अभिभावकले लिन आउनु पर्ने हुन्छ।

**निर्देशात्मक फोकसः**

हामीले हाम्रा विद्यार्थीहरूको सञ्चार र महत्त्वपूर्ण सोचाइका सीपहरू विकास गर्न सम्पूर्ण विद्यालय समुदायका रूपमा काम गर्ने छौँ जसकारण स्थानीय, डिस्ट्रिक्ट र राज्य मूल्याङ्कनहरूमा मापन गरिएअनुसार उहाँहरू बोल्न, सुन्न, पढ्न, लेख्न र प्रभावकारी रूपमा समस्याको समाधान गर्न सक्षम हुनुहुन्छ।



**सक्रिय श्रोताहरू...**

वक्तालाई हेर्नुहोस्
वक्ताले के भन्दैछन् विचार गर्नुहोस्
बुजेको देखाउन टाउको हल्लाउनु वा मुस्काउनु होस्
सान्दर्भिक प्रश्नहरू तयार पार्नुहोस्
सान्दर्भिक जोडिएर आउने कुराहरु तयार पार्नुहोस्
वक्ताको ध्यान बिचलित हुने काम नगर्नुहोस्

## बिचवुड व्यवहार प्रतिज्ञा

आज म मेरा शब्द, व्यवहार, रोजाइहरू हेरेर र अरूको भिन्नतालाई स्वीकार गरेर **सम्मानजनक** व्यवहार गर्ने छु।
म समयमै विद्यालय आएर र सिक्नका लागि तयार भएर **जिम्मेवार** हुने छु।
म सामग्रीहरू ल्याएर, शान्त भएर र निर्देशनहरू पालना गरेर **तयार र सुरक्षित** हुने छु।

***हामी संलग्न हुने, सोच्ने, छलफल गर्ने र समस्या समाधान गर्ने गर्छौं।***



**विद्यालयका रङहरूः** निलो र सुनौलो

**स्कूल मास्कटः** सिंह

**उपस्थिति नीति**

पेन्सिलभानिया राज्यमा विद्यालय उपस्थिति अनिवार्य छ र राज्यको कानुन हो। विद्यार्थीहरूलाई दैनिक बिहान 9:10 बजे विद्यालयमा आइपुग्ने अपेक्षा गरिन्छ। बिहान 9:20 बजे ढिलो घण्टी बज्छ र 9:20 बजेपछि आउने सबै विद्यार्थीहरूलाई ढिलो आएको भनेर चिन्ह लगाइने छ। उपस्थित नभएकाहरूका लागि दैनिक रूपमा "Talking Points" सन्देश पठाइने छ।

पिट्सबर्ग बीचवुड PreK-5
सुश्री Konarski को उपस्थिति सूचनापत्र
2023-2024 विद्यालय वर्ष

कानुनी माफी भनेको के हो?

1. बिमारी हुनुका साथै कुनै विद्यार्थीलाई स्वास्थ्यसम्बन्धी कारणहरूका लागि विद्यालय समयमा तोकिएको डिस्ट्रिक्ट कर्मचारीले लगेको खण्डमा।
2. इजाजतपत्र प्राप्त अभ्यासकर्ताद्वारा प्रदान गरिएको पेशागत स्वास्थ्य सेवा वा थेरापी सेवा प्राप्त गरेको खण्डमा।
3. क्वारेन्टाइन।
4. पारिवारिक आपतकालीन अवस्था।
5. दुर्घटनाबाट स्वास्थ्यलाभ।
6. आवश्यक अदालती उपस्थिति।
7. परिवारमा मृत्यु।
8. आमाबुवाको अनुरोधमा, वास्तविक धार्मिक समूहद्वारा मनाइने धार्मिक बिदाको पालना।
9. अन्य अत्यावश्यक कारणहरू जसमा घरबारविहीनता र पालनपोषणसम्बन्धी परिस्थितिहरू समावेश हुन सक्छन्। अत्यावश्यक कारणहरूलाई कडाइका साथ व्याख्या गरिने छ र अनियमित उपस्थितिलाई अनुमति दिँदैन।

** आफ्नो अनुपस्थितिमा छुटेका सबै विद्यालय कार्य पूरा गर्नु विद्यार्थीको जिम्मेवारी हो।

** कृपया <u>प्रत्येक पटक</u> तपाईंको बच्चा अनुपस्थित हुँदा एउटा नोट लेख्नुहोस् वा इमेल वा TalkingPoints पठाउनुहोस्।

तपाईंको बच्चा विद्यालयमा अनुपस्थित हुँदा तपाईंले निम्न जानकारी समावेश गर्नु महत्त्वपूर्ण छः

- नोट लेखिएको मिति
- तपाईंको बच्चा अनुपस्थित रहेको मिति(हरू)
- अनुपस्थितिको कारण (कृपया स्पष्ट उल्लेख गर्नुहोस्)
- तपाईंको हस्ताक्षर र तपाईंलाई सम्पर्क गर्नसकिने फोन नम्बर

** तपाईंको बच्चा विद्यालय **फर्केको 3 दिनभित्र** नोट प्राप्त भएन भने, अनुपस्थितिलाई गैरकानुनी मानिने छ र माफ गरिने छैन।

** कानुनी कारबाही 6 औं दिन अवैध अनुपस्थिति पछि सुरु हुने छ।

**<u>**नियमित विद्यालय उपस्थिति अनिवार्य छ**</u> र विद्यार्थीले विद्यालय छुटाउँदा विद्यार्थीको उपलब्धिमा प्रत्यक्ष रूपमा प्रभावित हुन्छ।

निम्नलाई कानुनी माफी मानिने छैनः

- मेरो बच्चाले बस छुटायो।
- अलार्म घडीले काम गरेन र हामी धेरै सुत्यौं।
- हामी सहरबाट बाहिर जानु पर्‍यो।
- मेरो बच्चालाई विद्यालय आउन मन लागेन।
- मलाई बिदा हो जस्तो लाग्यो।
  मलाई सञ्चो थिएन र मेले मेरो बच्चालाई विद्यालयमा लैजान सकिन।

**परामर्श सेवाहरू / विद्यालय सामाजिक कार्यकर्ता**

<u>सुश्री Konarski लाई भेट्नुका केही कारणहरू</u>:
तपाईं मलाई धेरै कारणहरूका लागि वा कुनै कारणविना नै भेट्न सक्नुहुन्छ!  तपाईंलाई कुरा गर्न कोही चाहिन्छ भने, म सधैँ तपाईंका लागि यहाँ छु।
कृपया निम्न अवस्थामा मलाई भेट्न आउनुहोस्:
· कसैले बुल्लि गरेमा
· दुखी भएमा, डराएमा वा रिसाएमा

· साथीहरू सँग मिलेर बस्न समस्या भइरहेमा
· कपडा वा टोइलेट्री सामग्रीहरूको आवश्यकता भएमा

**अभिभावक विद्यालय सामुदायिक परिषद् (Parent School Community Council, PSCC)**

पिट्सबर्ग पब्लिक स्कूल्सको अभिभावक र पारिवारिक संलग्नता दर्शनशास्त्र भनेको अभिभावक र विद्यालयसँग सहकार्यात्मक रूपमा सिर्जना गरिएका विभिन्न अवसरहरूमार्फत अभिभावक र परिवारहरूलाई उहाँहरूको बच्चाको शैक्षिक अनुभवमा पूर्ण साझेदार बन्न मद्दत गर्नु हो। अभिभावक र परिवारहरू विद्यालय स्तरमा सहभागी हुन छनोट गर्ने एउटा तरिका उहाँहरूको विद्यालयको अभिभावक विद्यालय सामुदायिक परिषद् (PSCC) मार्फत हो। बैठकहरू अभिभावक र परिवारहरू, समुदाय, विद्यालयका कर्मचारीहरू र कहिलेकाहीँ विद्यार्थीहरूका लागि विद्यालयसँग सम्बन्धित महत्त्वपूर्ण विषयहरू छलफल गर्न र विद्यालयको नेतृत्वका बारेमा सुझावसल्लाह दिने मासिक अवसरहरू हुन्।

**आचार संहिता**

हाम्रो जिल्लाको आचार संहिता बारे थप जान्नको लागि कृपया तलको लिङ्कमा क्लिक गर्नुहोस्

- आचार संहिता

**गैर-भेदभावसम्बन्धी नीति**

हाम्रो जिल्लाको गैर-भेदभाव नीति बारे थप जान्नको लागि कृपया तलको लिङ्कमा क्लिक गर्नुहोस्

- गैर-भेदभाव नीति

**घरबारविहीन भएका बालबालिका र युवाहरूको लागि शिक्षा**

घरबारविहीनता अनुभव गरिरहेका बालबालिका र युवाहरूको लागि शिक्षा बारे जानकारीको लागि कृपया तलको लिङ्कमा क्लिक गर्नुहोस्

- घरबारविहीन भएका बालबालिका र युवाहरूको लागि शिक्षा

**शीर्षक IX अन्तर्गतका प्रक्रियाहरू**

हाम्रो शीर्षक IX अन्तर्गतका प्रक्रियाहरूका बारेमा जानकारी प्राप्त गर्न, कृपया यहाँ जानुहोस्ः

https://www.pghschools.org/titleIX

**सम्पर्क जानकारी / सर्वसमावेशी कर्मचारीहरूको सूची**

## 2022-2023 पिट्सबर्ग बिचवुड K-5 शिक्षकको सूची

| नाम | कोठा # | ग्रेड | |
|---|---|---|---|
| लीएन क्रुगर | 12 | किन्डरगार्टेन | lkreuger2@pghschools.org |
| क्याथी बेलिसारियो | 15 | किन्डरगार्टेन | kbellisario1@pghschools.org |
| | | | |
| केल्ली ग्राहम | 106 | पहिलो ग्रेड | cgraham1@pghschools.org |
| चार्लोट रानालो | 107 | पहिलो ग्रेड | cranallo1@pghschools.org |
| | | | |
| लौरा एम्ब्रोजियो | 101 | दोस्रो ग्रेड/ITL | lambrogio1@pghschools.org |
| Sherry Friberg | 115 | दोस्रो ग्रेड | sfriberg1@pghschools.org |
| | | | |
| क्रिस्टी टोमासो | 204 | तेस्रो ग्रेड | kmayer1@pghschools.org |
| टेरेसा पार्टी | 210 | तेस्रो ग्रेड | tpartee1@pghschools.or |
| | | | |
| केल्लि स्पिनवेबर | 206 | चौथो ग्रेड | kspinneweber1@pghschools.org |
| क्रिस्टल अल्जेरी | 207 | चौथो ग्रेड | calgeri1@pghschools.org |
| क्रिस्टीन हार्किन्स | 201 | चौथो ग्रेड | charkins1@pghschools.org |
| | | | |
| चिमेन ब्रान्ट | 215 | पाँचौं ग्रेड | cbrant1@pghschools.org |
| मेरी एलेन | 216 | पाँचौं ग्रेड | mallen1@pghschools.org |
| | | | |
| लेह मुरहेड | 2 | लर्निङ सपोर्ट रिसोर्स रुम (K-5) | lmoorhead2@pghschools.org |
| एलेनी म्याकग्रा | 104 | लर्निङ सपोर्ट पुस-इन सपोर्ट (K-5) | emcgrath1@pghschools.org |
| वाईभेट वाईल्डर | 110 | जीवन सीपहरू K-2 | ywilder1@pghschools.org |
| होली सुसा | 211 | जीवन सीपहरू 3-5/LS ITL | hsousa1@pghschools.org |
| | | | |
| पाओला ग्रिफिन | 213 | ESL 2-3-4 | pgriffin1@pghschools.org |
| एलेक्सिस फेल्डम्यान | 113 | ESL 2-3-4 | afeldman1@pghschools.org |
| सारा McCallion | 105 | ESL K-5 | smccallion1@pghschools.org |
| जोसेफ पापा | 13 | ESL K-5 | jpapa1@pghschools.org |
| | | | |
| लिनेट सावेड्रा | 14 | विज्ञान विशेषज्ञ | lsaavedra1@pghschools.org |
| एलिस डेलुका | 18 | कला | edeluca1@pghschools.org |
| लौरा बासानी | 11 | सङ्गीत (दिन 1, 3, 5) | lbassani1@pghschools.org |
| कन्स्ट्यान्टाईन बुजोज | Gym-10, Health-16 | शारीरिक शिक्षा/स्वास्थ्य | cbouzos1@pghschools.org |
| मेलिसा क्यापो | 205 | पुस्तकालयाध्यक्ष/कोडिङ/विज्ञान | mcapo1@pghschools.org |
| एडम काट्ज | 11 | वाद्य सङ्गीत (दिन 6) | akatz1@pghschools.org |

## 2022-2023 पिट्सबर्ग बिचवुड PreK-5 कर्मचारीहरूको सूची

| नाम | कोठा # | पद | |
|---|---|---|---|
| लिसा गालाघर | कार्यालय | प्रधानाध्यापक | lgallagher1@pghschools.org<br>412-529-7390 |
| लिन्डा काभाना | कार्यालय | विद्यालय सचिव | lcavanaugh1@pghschools.org<br>412-529-7390 |
| अलेया दिशोङ | कार्यालय | SDSS | adishong1@pghschools.org<br>412-529-7390 |
| | | | |
| रेबेका कोनार्स्की | 100-A | विकाससम्बन्धी सल्लाहकार | rkonarski2@pghschools.org<br>412-529-7394 |
| ज्याज मिकलान्सी | 16 | स्कूल नर्स | jmiklancie1@pghschools.org<br>412-529-7451 |
| | | | |
| ट्यामि  Schmidt | 212 | साक्षरता/गणित विशेषज्ञ | tschmidt1@pghschools.org |
| | | | |
| सुहर लवाद | 211 | LSS कक्षाकोठा सहायता | slabad1@pghschools.org |
| मलेशिया रेनी | 110 | LSS कक्षाकोठा सहायता | mrainey1@pghschools.org |
| थोमस सेल्को | 202 | LS कक्षाकोठा सहायक | tselko1@pghschools.org |
| ट्रिसिया ब्रिसेनो | 113 | ESL कक्षाकोठा सहायक | tleonardbriceno1@pghschools.org |
| माईन कारा | 105 | ESL कक्षाकोठा सहायक | kmine1@pghschools.org |
| | | | |
| डायना जोर्डन | 215-216 | स्पीच थेरापिस्ट | djordan1@pghschools.org |
| जब बेनेट | N/A | मनोवैज्ञानिक | jbennett1@pghschools.org |
| डेभिड लुसी | N/A | विशेष शिक्षा विशेषज्ञ | dlucci1@pghschools.org |
| | | | |
| प्याट्रिसिया डुनोस्कि | 100/ क्याफेटेरिया | खाद्यान्न सेवा प्रबन्धक | pduchnowska1@pghschools.org |
| | | | |
| डगलस जॉनसन | 9 | प्रमुख संरक्षक | djohnson2@pghschools.org |
| जोसेफ क्याम्पबेल | 9 | B-फायरम्यान | jcampbell2@pghschools.org |
| | | | |
| क्यारी लिन्स्की | | सामुदायिक ट्यूटर | |
| | | | |

## 2022-2023 पिट्सबर्ग बिचवुड PreK शिक्षक/सहायकको सूची

| नाम | कोठा # | पद | |
|---|---|---|---|
| रियानन् हाईन्ड्मेन | D4 | PreK शिक्षक | rhindman1@pghshools.org<br>412-529-7447 |
| एलिजाबेथ ग्रिगोर | D4 | PreK सहायक | egrigore1@pghschools.org |
| | | | |
| क्याथलीन क्रोल | D3 | PreK शिक्षक | kkrol1@pghschools.org<br>412-529-7393 |
| ब्रेन्डा बैंकर्ट | D3 | PreK सहायक | Bbankert1@pghschools.org |
| | | | |
| किम्बर्ली लिटिल | D1 | PreK शिक्षक | klittle3@pghschools.org<br>412-529-7448 |
| रोन सिलर | D1 | PreK सहायक | rsiler1@pghschools.org |
| | | | |
| अमान्डा म्याकार्थी | | परिवार सेवा विशेषज्ञ | amccarthy2@pghschools.org<br>412-657-7218 |

022-2023Pittsburgh

## दैनिक घण्टी बजाउने समयतालिका

| | |
|---|---|
| **8:50 - 9:10** | विद्यार्थीहरूले बिहानको खाजा खाने समय |
| **9:10** | प्रवेश गर्ने समय बजाइने घण्टी - विद्यालय समय सुरु हुन्छ |
| **9:10 - 9:20** | होमरूम (9:20- ढिलो) |
| **9:20 - 10:00** | पिरीअड 1 (9:20 बजे बिहानको घोषणाहरू @ निष्कर्ष, 9:25 बजे सम्पूर्ण विद्यालय फोकस समयका लागि स्विच) |
| **10:00 - 10:40** | पिरीअड 2 |
| **10:40 - 11:20** | पिरीअड 3 |
| **11:20 - 12:00** | पिरीअड 4 |
| **12:00 - 12:45** | पिरीअड 5 (पहिलो खाजा खाने समय-प्राइमरी) 12:20 - स्विच विश्राम/खाजा खाने समय |
| **12:45 - 12:50** | पाँच मिनेटको खाजा खाने समय स्विच |
| **12:50 - 1:35** | पिरीअड 6 (दोस्रो खाजा खाने समय - मध्यवर्ती) *1:10 - स्विच विश्राम/खाजा खाने समय |
| **1:35 - 2:15** | पिरीअड 7 |
| **2:15 - 2:55** | पिरीअड 8 |
| **2:55 - 3:35** | पिरीअड 9 |
| **3:35 - 3:55** | होमरूम/बस/कार लाइमा जानेहरूको छुट्टी हुने समय<br>3:40 - बसमा जानेहरूको छुट्टी हुने समय (Safeties @ यतिबेला सहायता गर्नुपर्छ)<br>3:45 - कार लाइमा जानेहरूको छुट्टी हुने समय |
| **3:55** | हिँडेर जानेहरूको छुट्टी हुने समय |

## 2 घण्टा ढिलो समयतालिका

(बिहानको खाजा हुँदैन)

| | **तालिका A** | **तालिका B** |
|---|---|---|
| 11:10 | विद्यालय खुल्ने समय | विद्यालय खुल्ने समय |
| 11:10-11:20 | होमरूम पिरीअड | होमरूम पिरीअड |
| 11:20-12:00 | पिरीअड 1 | पिरीअड 1 |
| 12:00-12:45 | पिरीअड 5 - पहिलो खाजा | पिरीअड 5 - पहिलो खाजा |
| 12:45-:12:50 | खाजा स्विच | खाजा स्विच |
| 12:50-1:35 | पिरीअड 6 - दोश्रो खाजा | पिरीअड 6 - दोश्रो खाजा |
| 1:35-2:15 | पिरीअड 2 | पिरीअड 7 |
| 2:15-2:55 | पिरीअड 3 | पिरीअड 8 |
| 2:55-3:35 | पिरीअड 4 | पिरीअड 9 |

| | | |
|---|---|---|
| 3:35-3:55 | होमरूम | होमरूम |

**आधा दिनको समयतालिका**

केही STEAM ब्लो-अफ गरौँ

| | |
|---|---|
| 9:10-9:30 | होमरूम |
| 9:30 - 10:45 | विभिन्न STEAM क्रियाकलापहरू |
| 10:45-11:15 | STEAM रिफ्लेक्शन |
| 11:15-12:00 | खाजा - क्याफेटेरियाबाट ल्याएर कक्षाकोठामा खानुहोस् |
| 12:20 | होमरूम<br>बस र कार लाइनमा जानेहरूको छुट्टी हुने समय |
| 12:30 | छुट्टी हुने समय |

**PreK विद्यालय दिन**

हाम्रो PreK कार्यक्रम विद्यालय भवनको पछाडिको डिमोउन्टेबलमा आयोजित गरिन्छ।
PreK विद्यालय दिन बिहान 9:15 बजेदेखि दिउँसो 3:15 बजेसम्म सञ्चालन हुन्छ
आधा दिनमा छुट्टी हुने समय दिउँसो 12:15 बजे हो

**अभिभावक संघ**

बिचवुड अभिभावक संकाय संघ, BPFA ले कसरी सामेल हुने र संलग्न हुने भन्ने बारेमा जानकारी घर पठाउने छ।